नबी (सल्लल्लाहु अलैहि वसल्लम) को 'तल्बिया' यस प्रकार थियो: "लब्बैक अल्लाहुम्मा लब्बैक्, लब्बैक ला शरीक लका लब्बैक्, इन्नल्-हम्दा वन्-निअ्मता लका वल्-मुल्क्, ला शरीक लक्।" अर्थ: "हे अल्लाह! म उपस्थित छु, म उपस्थित छु। तपाईंको कोही साझेदार छैन, म उपस्थित छु। निश्चय नै समस्त प्रशंसा तपाईंकै लागि हो, समस्त वरदान तपाईंबाटै प्राप्त हुन्छ र सम्पूर्ण साम्राज्य तपाईंकै हो। तपाईंको कोही साझेदार छैन।

अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्: नबी (सल्लल्लाहु अलैहि वसल्लम) को 'तल्बिया' यस प्रकार थियो: "लब्बैक अल्लाहुम्मा लब्बैक्, लब्बैक ला शरीक लका लब्बैक्, इन्नल्-हम्दा वन्-निअ्मता लका वल्-मुल्क्, ला शरीक लक्।" अर्थ: "हे अल्लाह! म उपस्थित छु, म उपस्थित छु। तपाईंको कोही साझेदार छैन, म उपस्थित छु। निश्चय नै समस्त प्रशंसा तपाईंकै लागि हो, समस्त वरदान तपाईंबाटै प्राप्त हुन्छ र सम्पूर्ण साम्राज्य तपाईंकै हो। तपाईंको कोही साझेदार छैन।" वर्णनकर्ता भन्नुहुन्छ कि अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हु) यस पवित्र तल्बियामा यी शब्दहरू पनि थप गर्नुहुन्थ्यो: "लब्बैक लब्बैक, वसअ्दैक, वल्-खैरु बियदैक, लब्बैक, वर-रग्बा इलैक वल्-अमल्।" अर्थ: "म उपस्थित छु, म उपस्थित छु। म हजुरको आज्ञापालनद्वारा धन्य र भाग्यशाली छु, र समस्त कल्याण तपाईंकै हातमा छ। मेरा सम्पूर्ण इच्छाहरू तपाईंतर्फनै लक्षित छन् र मेरा समस्त कर्महरू पनि केवल तपाईंकै निम्ति समर्पित छन्।"
[सही] [मुत्तफकुन अलैहि]

जब नबी (सल्लल्लाहु अलैहि वसल्लम) हज वा उमराहको 'इह्राम' बाँध्न चाहनुहुन्थ्यो, तब उहाँले यस प्रकार 'तल्बिया' भन्नुहुन्थ्यो: "(लब्बैक अल्लाहुम्मा लब्बैक) म हजुरको सेवामा उपस्थित छु हे अल्लाह, म उपस्थित छु! यो हजुरको त्यस आह्वानको निरन्तर जवाफ हो, जसमा हजुरले हामीलाई इख्लास (निष्ठा), तौहीद (एकेश्वरवाद), हज र अन्य कुराहरूका लागि बोलाउनुभएको थियो। (लब्बैक ला शरीक लका लब्बैक) म उपस्थित छु, हजुरको कुनै साझेदार छैन, म उपस्थित छु! त्यसैले केवल हजुर मात्र नै उपास्य हुनुहुन्छ; हजुरको प्रभुत्व (रुबुबियाह), पूज्यत्व (उलुहियाह) र हजुरका नामहरू तथा गुणहरू (अस्मा वस-सिफात) मा हजुरको कुनै साझेदार छैन। (इन्नल हम्द) पक्कै पनि सबै प्रशंसा तपाईँकै लागि हुन्, (वन्-निअ्मत) र सबै आशिषहरू हजुरकै तर्फबाट हुन् र हजुर नै ती प्रदान गर्नेवाला हुनुहुन्छ, (लका) हरेक परिस्थितिमा हजुरकै लागि हुन्। (वल मुल्क) र त्यसैगरी सम्पूर्ण ब्रह्माण्डको स्वामित्व र अधिराज्य पनि हजुरकै हो। (ला शरीक लक) हजुरको कुनै साझेदार छैन, त्यसैले यी सबै कुराहरू केवल हजुर एक्लैका लागि हुन्।" अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा) यी शब्दहरू थप्ने गर्थे: (लैबैक लैबैक व सा'दैक) म हजुरको सेवामा पूर्ण रूपले उपस्थित छु र हजुरको आज्ञापालन गर्न तयार छु, मलाई एकपछि अर्को गर्दै लगातार खुसी र सौभाग्य प्रदान गर्नुहोस्, (वल खैरु वियदैक) र सबै प्रकारका कल्याण र भलाइ हजुरकै हातमा छन् र हजुरकै कृपाबाट प्राप्त

हुन्छन्, (लैबैक वर-रग्बाउ इलैक) म हजुरकै सेवामा उपस्थित छु र मेरा सबै चाहना, प्रार्थना र याचनाहरू केवल हजुरसँगै छन् जसको हातमा सम्पूर्ण भलाइ छ, वल अमलु) र मेरा सम्पूर्ण कर्महरू हजुरकै निमित्त हुन्, किनकि हजुर नै वास्तवमा उपासनाको वास्तविक हकदार हुनुहुन्छ।

http://sunnah.global/hadeeth/ne/show/4535